स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका एलिना चौहान अब अमेरिकापछि क्यानडामा गुञ्जिने भएकी छन् । बुधबार उनले औपचारिकरुपमा क्यानडामा सांगीतिक टूरको घोषणा गरेकी छन् । उनको टूर २३ डिसेम्बरमा नायगरा फल्ससँग जोडिएको रमणीय क्यानडेली सहर ओन्टारियाको क्याम्ब्रिजबाट सुरु हुनेछ । २६ डिसेम्बरमा एडमन्टन, २७ डिसेम्बरमा क्यालगरी, ३१ डिसेम्बरमा टोरन्टोमा उनले प्रस्तुति दिने तय छ ।

आजको विचार...



पद ...

(दुई पेजमा)

पुरुषोत्तम ओझा



सलमान खानको बहुप्रतिक्षित फिल्म "ब्याटल अफ गलवान" मा अभिनेता अमिताभ बच्चनको प्रवेश भएको खबर बाहिरिएको छ। हालै सामाजिक सञ्जालमा एउटा तस्बिर सार्वजनिक भएको छ, जसमा अमिताभ बच्चन फिल्मका निर्देशक अपूर्वा लखियासँग फिल्मको सेटमा देखिएका छन्। निर्देशक अपूर्वा लखियाले आफ्नो आधिकारिक सामाजिक सञ्जाल खाताबाट अमिताभ बच्चनका साथको तस्बिर सेयर गर्दै लेखेका छन्, "सोच्नुहोस् उहाँले मलाई के भन्दै हुनुहुन्छ।"

❒ वर्ष ३१ अंक १०६ ❒ २०८२ कातिक २७ गते बिहीबार 13 November 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विमान दुर्घटनामा २० जनाको मृत्यु

(रासस/एएफपी)

**इस्तानबुल,** कात्तिक २६ /टर्कीको एक सैन्य कार्गो विमान जर्जियाको पूर्वी क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा चालकदलका सदस्यसहित विमानमा सवार सबै २० जनाको मृत्यु भएको टर्की सरकारले पुष्टि गरेको छ । टर्कीको रक्षा मन्त्रालयका अनुसार उक्त सी-१३० हर्कुलस विमानले मंगलबार दिउँसो अजरबैजानको पश्चिमी सहर गन्जाबाट उडान भरेको थियो र केही समयपछि जर्जियाको आकाशीय क्षेत्र पार गर्दै गर्दा दुर्घटनामा परेको हो ।विमानमा रहेका सबै २० जना सुरक्षाकर्मी र प्राविधिक जनशक्तिको निधन भएको जनाइएको छ । टर्कीका रक्षामन्त्री यासर गुलरले आफ्नो आधिकारिक एक्स खातामा विज्ञप्ति प्रकाशित गर्दै भने, "अजरबैजानबाट स्वदेश फर्कदै गरेको हाम्रो सी-१३० सैन्य कार्गो विमान दुर्घटनामा परेर ११ नोभेम्बर २०२५ मा हाम्रा वीर सहकर्मीहरू शहीद हुनुभएको छ । देशले उनीहरूको बलिदानलाई सधैं सम्झनेछ ।" दुर्घटनाको कारणबारे टर्कीले हालसम्म औपचारिक विवरण सार्वजनिक गरेको छैन । तर अजरबैजानका सञ्चारमाध्यमहरूले प्रकाशित गरेका प्रत्यक्षदर्शी दृश्यहरूमा विमान हावाबाट तीव्र रूपमा खस्दै जमिनमा ठोक्किएपछि ठूला-ठूला टुक्रामा फुटेको र वरिपरि धुवाँको मुस्लो उठेको देखिन्छ ।

# रोकिएन राजस्व छली

## पाल्पामा भन्सार छली गरेर ल्याइएका एक लाख ३३ हजारका सामान बरामद

**रामचन्द्र रायमाझी**

**पाल्पा,** कार्तिक २६/सरकारले बारम्बार कर प्रशासनलाई चुस्त बनाउने प्रतिबद्धता जनाउँदै आए पनि कर छली रोकिएको छैन् । पाल्पा लगायत आसपासका जिल्लाहरुमा खुलमखुला रुपमा भन्सार छली हुने गरेको पाइन्छ । पछिल्ला केही वर्ष यता पाल्पामा समेत भन्सार छली गरी सामान ल्याउने क्रम बढेको छ । पाल्पा सीमा नाका नजिकैको जिल्ला भएकाले पनि यहाँ भन्सार छली गरी सामान भित्रिने गरेको हो ।

जिल्लाका विभिन्न ठाउँहरुबाट प्रहरीले भन्सार छलेर चोरी पैठारी गरी ल्याएका अवैध सामानहरू बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाले यहाँका दुई छुट्टाछुट्टै स्थानबाट एक लाख ३३ हजार ६ सय बराबरको अवैध सामान बरामद गरेको हो । जिल्ला रम्भा गाउँपालिका र बगनासकाली गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा जिल्ला प्रहरी कार्यालय मातहत कार्यालयबाट



खटिएको प्रहरी टोलीले भन्सार छली चोरी पैठारी गरी ल्याएका सामानहरु बरामद गरिएको जल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरीले जानकारी दिए । उनका अनुसार ५१ हजार ४ सय ५० बराबरको ३ सय ४३ पिस लेडिज सल, २४ हजार ६ सय बराबरको ४१ पिस लेडिज कुर्था सुरुवाल, १८ हजार ८ सय बराबरको बच्चा कपडा सेट र ३८ हजार ७ सय ५० बराबरको विज्ली लेखेको सुर्ती प्याकेट बरामद गरिएको छ । बिल भौचर नभएकाले नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि भैरहवा भन्सार कार्यालय पठाइएको प्रहरी नायव उपरीक्षक चौधरीले बताए ।

पाल्पामा यसरी अवैध रुपमा सामान ओसारपसार गर्ने क्रम बढ्दो छ । जसको प्रत्यक्ष असर सरकारको राजश्वमा पर्ने देखिएको छ । भन्सार छली गरी अवैधरुपमा ठूलो मात्रामा सामान भित्रिने गर्दा राज्यलाई दिनहुँ ठूलो मात्रामा राजश्व नोक्सानी पर्न गएको छ । जबकि सम्बन्धित निकाय मौन बसिदिँदा यो क्रम दिनानुदिन बढ्दै गइरहेको छ । शुरुआती चरणमा सीमा आसपासमा मात्र यस्ता गतिविधि भए पनि हाल आएर पाल्पा, गुल्मी, रुपन्देही,कपिलवस्तु एवं नवलपरासीका सम्पूर्ण क्षेत्रसम्म विस्तार भएको छ । चोरी पैठारीमा प्रहरीसित लाइन नमिले पनि मुलुकको प्रमुख नाकामा राजस्व छलीको धन्दा रोकिएको छैन । चोरी निकासी पैठारीमा संलग्न व्यवसायीले भन्सारकै मिलेमतोमा धन्दा गर्ने गरेका छन् । विभिन्न व्यापारिक संघसंस्था, प्रतिष्ठान र राजस्व कर्मचारीको मिलेमतोकै कारण व्यापक करछली तथा राजस्व चुहावट भइरहेको तथ्य सरकारी अधिकारीले नै स्वीकार गर्ने गरेका छन् ।

## ट्याक्टरबाट खसेर एक युवकको मृत्यु



**गुल्मी,** कार्तिक २६/ जिल्लामा ट्याक्टरबाट खसेर एक युवकको ज्यान गएको छ । यहाँको मदाने गाउँपालिका-४ म्यालपोखरीमा ट्याक्टरबाट खसेर सोही स्थानका २४ वर्षीय अनिल कुँवरको मृत्यु भएको हो ।

म्यालपोखरीको बी.पी. चोकदेखि पुर्कोटदह जाने क्रममा लु ३ त ७७३८ नम्बरको ट्याक्टरबाट खस्दा कुँवरको गम्भीर घाइते भएका थिए । चालक २२ वर्षीय सुशील कुँवरले मादक पदार्थ सेवन गरेका थिए । दुर्घटना मंगलबार राति भएको थियो । घाइते अनिललाई उपचारका क्रममा गुल्मी अस्पताल ल्याइएकोमा अस्पतालले मृत घोषणा गरेको थियो । चालक प्रहरी नियन्त्रणमा छन् । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले जानकारी दिए ।

## हिउँदभरि सुनसान हुन्छ बुकीपाटन

**ढोरपाटन (बागलुङ),** कात्तिक २६/वर्खामा आन्तरिक पर्यटकले गुल्जार बनेको बुकीपाटन चिसो बढेपछि सुनसान भएको छ । सयौँ गोठाला र हजारौँ वस्तुभाउसँगै पर्यटकले चहलपहल हुने बुकीपाटन कात्तिक पहिलो सातादेखि सुनसान बनेको हो ।



अग्ला पहाड पनि हरियो घाँस सुक्दै गएपछि उराठिला बनेका छन् । पहिले गोठालाले रचन क्षेत्रका रुपमा प्रयोग गर्दै आएको बुकीपाटन पछिल्लो दुई वर्षदेखि आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढेको छ । असारदेखि असोजसम्म बुकीपाटनमा पर्ने गर्पाछेडा, दहखर्क, टीकाधारा, राजवन, स्याचुन, फुर्से देउराली, फागुने देउरालीलगायतका क्षेत्रमा गोठलाको बाक्लो बसाइँ हुने गर्छ । गोठालाले गोठ बेसी झारेपछि बुकीपाटन सुनसान छ । चिसो बढेका कारण पर्यटकसमेत पुग्न सकेका छैनन् । समुन्द्री सतहदेखि करिब चार हजार ५०० मिटरको उचाइमा पर्ने बुकीपाटन पदयात्राका लागि उत्कृष्ट गन्तव्य बनेको छ । वर्खायाममा बेसी क्षेत्रमा गर्मी हुने हुँदा शीतलता खोज्दै बुकीपाटन बढी चढ्ने तर अहिले चिसो बढेपछि बुकीपाटन जाने पर्यटक कम भएको ढोरपाटनका होटल व्यवसायी सन्देश थापाले बताए । असोजसम्म बुकीपाटन पुग्ने पर्यटकको संख्या धेरै भए पनि अहिले फाट्टफुट्ट मात्रै जाने गरेको उनको भनाइ छ ।

*(बाँकी अन्तिम पेजमा... )*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

## सम्पादकीय

# प्रतिबद्धता पूरा गर

**जेनजी आन्दोलनबाट स्थापित वर्तमान सरकारका मन्त्रीहरुले कार्यभार सम्हाल्ने बेलामा विभिन्न किसिमका प्रतिवद्धताहरु जनाएका थिए । तर करिब दुई महिना बितिसक्दा पनि ति प्रतिवद्धता कार्यान्वयनमा आउन सकेका छैनन् । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनले कार्यभार सम्हाल्दा गरेका ६ हजार ८ सय १४ माध्यमिक तहको सामुदायिक विद्यालयमा प्रतिविद्यालय एक जना कम्प्युटर विज्ञान शिक्षकको दरबन्दी कायम गर्ने घोषणा गरेका थिए । तर त्यो अहिले सम्म पनि कार्यान्वयन हुन सकेको छैन । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदिश खरेलले पनि काठमाडौँसहित देशका प्रमुख १० सहरका सार्वजनिक स्थानमा निःशुल्क वाइफाइ सेवा उपलब्ध गराउने प्रतिवद्धता जनाएका थिए । त्यो पनि काठमाडौंबाहेक अन्य शहरमा अगाडि बढ्न सकेको छैन । अर्थ मन्त्रालयले बजेटको व्यवस्था नगरेको कारण मन्त्रीहरुले गरेका प्रतिवद्धताले गति लिन सकेका छैनन् ।**

**प्रधानमन्त्री शुशीला कार्की नेतृत्वको सरकार दुरगामी आर्थिक बोझ पर्ने काममा खर्च गर्ने कि नगर्ने ? भन्ने प्रश्न उठेको छ । मन्त्री पुनले सार्वजनिक गरेको कार्यक्रमअनुसार शिक्षकलाई तलबवापत प्रतिवर्ष १ अर्ब ७१ करोड रुपियाँ खर्च हुन्छ । यति धेरै रकम कसरी व्यवस्थापन गर्ने भन्ने अनुमान गर्न नसकेको कारण प्रतिबद्धता पूरा गर्न समस्या भएको छ । अबको केही दिनभित्र बजेट नआए मन्त्री पुनले गरेको प्रतिबद्धता कार्यान्वयनमा ब्रेक लाग्नेछ । सरकारले तोकिएकै मितिमा चुनाव गर्ने हो भने मंसिरबाट आचारसंहिता लाग्नेछ । त्यसो भए बजेट विनियोजन गर्न कठिन हुनेछ । मन्त्रीले प्रतिबद्धता जनाउने अनि अर्थ मन्त्रालयले बजेट नदिने कारण अधिकांश प्रतिबद्धता गफमा मात्र सीमित हुने आशंक उत्पन्न भएको छ । प्रतिबद्धता जनाउनुअघि बजेट व्यवस्थापन कसरी गर्ने ? भन्ने विषयमा नसोचेका कारण समस्या परेको हो । तसर्थ बजेट सुनिश्चित गरेर मात्र प्रतिवद्धता जनाउनुपर्दछ । अहिलेको अवस्थामा मन्त्रीहरुले गरेका प्रतिवद्धताहरु कार्यान्वयन गरेर देखाउन आवश्यक छ । अन्यथा आफु चर्चामा आउनकै लागि यस अघिका मन्त्रीहरुले गरे जस्तै नहोला भन्न सकिदैन ।**

## Opinion @ Social Network

समय, शक्ति, सम्पत्ति र शरीरले सधैँ साथ
दिन सक्दैन, तर स्वभाव समझदारी र सच्चा
सम्बन्धले सधै साथ दिन्छ ।।

*(विष्णु पाण्डेको* ***फेसबुक स्टाटसबाट*** *www.facebook.com/Bishnupanday)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पद गुमाएका राजदूतमाथि इमानको प्रश्न



पुरुषोत्तम ओझा

*दलीय भागबन्डा अन्तर्गत दलका आसेपासे, नेताका नजिकका कार्यकर्ता, नातागोता लगायत पद किन्न सक्ने हैसियत भएकाको पोल्टामा अरू पद जस्तै राजदूतको पद पनि दिइन्छ भन्ने भनाइलाई असत्य मान्न सकिन्न । सिफारिश र नियुक्ति प्रक्रिया पारदर्शी छैन। एकाध व्यक्तिलाई छाडेर राजनीतिक नियुक्ति पाएकाको पृष्ठभूमिबाट विचार गर्ने हो भने पनि योग्यता र क्षमताका आधारमा नभई कृपा र चाकडीको आधारमा नियुक्ति भए भन्ने आम बुझाइ रहेको पाइन्छ । आफ्ना आसेपासेलाई रोजगारी दिने र लेनदेनको माध्यमबाट अर्थोपार्जन गर्ने माध्यमको रूपमा राजदूत जस्तो संवेदनशील पदलाई दाउमा राख्दा मुलुकको कूटनीतिक हैसियत कहाँ पुग्छ भनी विचार गर्न नसक्नु सत्तासीन राजनीतिक दलको अक्षम्य गल्ती हो भन्न करै लागदछ ।*

सरकारले असोज ३० गते मन्त्रिपरिषद् बैठकमा राजनीतिक नियुक्ति पाएका ११ जना राजदूतलाई कात्तिक २० गते फिर्ता हुन आदेश जारी गऱ्यो । राजदूतहरूले सरकारको निर्णयको पालना नगरी अदालतको ढोका ढकढक्याउन पुगेका छन् ।

राजनीतिक नियुक्ति पदमा योग्यता नभई कृपा र चाकडीको आधारमा नियुक्ति भएको आम बुझाइ छ । यो हप्ता नेपालको कूटनीतिक मामिलामा अनौठो दृश्य देखियो । गत असोज ३० गतेको नेपाल सरकार, मन्त्रिपरिषद् बैठकले राजनीतिक नियुक्ति पाएका ११ जना राजदूतहरूलाई कात्तिक २० गतेको मिति तोकी फिर्ता हुन आदेश जारी गऱ्यो । परिवर्तित राजनीतिक परिवेशमा सरकारको यो निर्णयले कमसेकम विगतका नियुक्ति प्रक्रिया र त्यसमा देखिएका, सुनिएका र अनुभव गरिएका विकृतिका विषयलाई सच्याउन गरिएका कडीका रूपमा लिन सकिन्थ्यो ।

सरकारको यो कदमलाई राजदूतहरूले समयमै मनन गरेर सरकारी निर्णयको पालना गरेको भए त्यसमा इमानदारी र परिवर्तनप्रतिको सकारात्मक बुझाइका रूपमा लिन सकिन्थ्यो । तर परिस्थिति त्यस्तो रहेन।बरू उनीहरू सरकारसँग पौंठेजोरी खेल्दै जागिर थाम्ने उद्देश्यका साथ वकिलहरू मार्फत अदालतको ढोका ढकढक्याउन पुगे । यो एक प्रकारले हेर्दा संविधानप्रदत्त अधिकार उपयोग हो भन्न सकिएला तर यसले नेपालको कूटनीतिक क्षेत्रलाई विश्वसामु अपरिपक्व र अविश्वसनीय रूपमा प्रस्तुत गरेको छ भन्नुमा कुनै अत्युक्ति हुनेछैन । कुनै पनि राजदूत वा कूटनीतिक प्रतिनिधिले समग्र रूपमा मुलुकको प्रतिनिधित्व गर्ने हुँदा ऊसँग कूटनीतिक सीपको अलावा सुदृढ नैतिक बल र वैयक्तिक निष्ठा र इमानदारी हुन जरूरी हुन्छ । विश्वको बदलिंदो भूराजनीतिक परिस्थितिसँगै धेरैजसो मुलुकले आर्थिक कूटनीतिको माध्यमबाट मुलुकको हित रक्षा र समृद्धि हासिल गर्ने उद्देश्य राखेका हुन्छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हालै भएको सुदूर पूर्व र दक्षिण पूर्वी एशियाली मुलुकहरूको भ्रमणको सिलसिलामा गरिएका व्यापार तथा लगानी वृद्धिका वार्ता र सम्झौताले पनि अमेरिकाको बलियो कूटनीतिक क्षमताको पुष्टि गर्दछ। कूटनीतिज्ञमा विश्वसनीयता, पारदर्शिता र निष्ठा जस्ता गुणहरू निहित हुनुपर्दछ । मुलुकलाई प्रतिनिधित्व गर्ने हुनाले राजदूतहरूले सधैं नै आफ्नो मुलुकको सरकारप्रति वफादार हुनुका साथै मुलुकले अगीकार गरेको विदेश नीतिलाई इमानदारीका साथ कार्यान्वयन गर्ने दृढ साहस देखाउनुपर्ने हुन्छ । यसको अलावा भाषाको ज्ञान र अन्तर्राष्ट्रिय कानूनको विषयमा जानकारी राख्नुका साथै जस्तोसुकै जटिल परिस्थिति आइपरेमा पनि त्यसलाई सहज ढङ्गमा सुल्झाउन सक्ने क्षमता प्रदर्शन गर्नुपर्दछ ।एक दशकयता कूटनीतिक सेवाबाट ५० प्रतिशत र बाहिरबाट अर्थात् राजनीतिक नियुक्तिको माध्यमबाट बाँकी ५० प्रतिशत नियुक्ति गर्ने परिपाटी बसाइएको पाइन्छ।कूटनीतिको मुख्य काम वार्ता नै भएकोले कूटनीतिज्ञले योग्य वार्ताकारको भूमिका पनि निर्वाह गर्नुपर्दछ। यसैले निजामती सेवाभित्र पनि कूटनीति विषय अध्ययन गरेका वा प्रशिक्षणबाट कूटनीति क्षेत्रमा श्रेष्ठता हासिल गरेका व्यक्तिहरूको छुट्टै समूह खडा गरी कूटनीतिक सेवाको गठन भएको पाइन्छ। मूलतः यही सेवाका व्यक्तिहरूले नै राजदूत र राजदूतावास मार्फत मुलुकलाई विदेशमा प्रतिनिधित्व गर्दछन् । यसै गरी सेवा बाहिरका कूटनीतिक क्षेत्रमा विज्ञता हासिल गरेका अध्येता, अनुसन्धानकर्ता वा प्राज्ञलाई पनि कूटनीतिक सेवामा राजदूत पदमा नियुक्ति दिने प्रचलन रहेको छ। धेरै मुलुकले यस प्रकारको पद्धति अपनाउँदै आएका छन् । नेपालले पनि यस प्रकारको मिश्रित नियुक्ति प्रणाली शुरू गरेको धेरै भइसक्यो। खासगरी एक दशकयता कूटनीतिक सेवाबाट ५० प्रतिशत र बाहिरबाट अर्थात् राजनीतिक नियुक्तिको माध्यमबाट बाँकी ५० प्रतिशत नियुक्ति गर्ने परिपाटी बसाइएको पाइन्छ।यसरी हेर्दा कुल ३० वटा राजदूतावास (तीन वटा संयुक्त राष्ट्रस्थायी नियोग बाहेक) मध्ये १५ वटामा पराराष्ट्रमन्त्रालयबाट र १५ वटामा सेवा बाहिरबाट नियुक्ति हुने गरेको छ। यिनै पन्मध्येबाट एघार जनालाई कार्य क्षमताको अभाव र सरकारप्रतिको निष्ठा जस्ता विषयलाई आधार मानी वर्तमान सरकारले फिर्ता गर्न चाहेको बुझ्न सकिन्छ।राजनीतिक नियुक्ति हुने पदहरूलाई दलीय भागबन्डा गर्ने अनौठो चलन नेपालका राजनीतिक दलहरूले चलाउँदै आएको कुरा अब घाम जस्तै छर्लङ्ग भइसक्यो । दलीय भागबन्डा अन्तर्गत दलका आसेपासे, नेताका नजिकका कार्यकर्ता, नातागोता लगायत पद किन्न सक्ने हैसियत भएकाको पोल्टामा अरू पद जस्तै राजदूतको पद पनि दिइन्छ भन्ने भनाइलाई असत्य मान्न सकिन्न ।

सिफारिश र नियुक्ति प्रक्रिया पारदर्शी छैन। एकाध व्यक्तिलाई छाडेर राजनीतिक नियुक्ति पाएकाको पृष्ठभूमिबाट विचार गर्ने हो भने पनि योग्यता र क्षमताका आधारमा नभई कृपा र चाकडीको आधारमा नियुक्ति भए भन्ने आम बुझाइ रहेको पाइन्छ । आफ्ना आसेपासेलाई रोजगारी दिने र लेनदेनको माध्यमबाट अर्थोपार्जन गर्ने माध्यमको रूपमा राजदूत जस्तो संवेदनशील पदलाई दाउमा राख्दा मुलुकको कूटनीतिक हैसियत कहाँ पुग्छ भनी विचार गर्न नसक्नु सत्तासीन राजनीतिक दलको अक्षम्य गल्ती हो भन्न करै लागदछ । जब सरकारले आफ्नो प्रतिनिधित्व गर्ने संस्था वा व्यक्तिप्रति अविश्वास प्रकट गर्दछ, इमानदार कूटनीतिज्ञले तत्कालै विना संकोच पद त्याग गर्दछन् । अहिले जेनजी आन्दोलनको बलमा बनेको अन्तरिम सरकार भएकोले चुनाव गराउने यसको प्रमुख दायित्व हो भने यही छोटो अवधिमा विद्यमान बेथिति र विकृतिको अवस्थालाई अन्त्य गरी सुशासनका लागि बाटो देखाउने काम पनि यो सरकारले गर्नुपर्ने हुन्छ। यस सिलसिलामा अनावश्यक खर्च कटौती गर्ने लगायत सरकारी राजस्वको अपव्यय रोक्ने दिशामा सरकारले महत्वपूर्ण निर्णय गरिरहेको छ । राजनीतिक स्वार्थमा आधारित तर अध्ययन र तयारी नभएका योजनामा बजेट विनियोजन नगर्ने, कार्यकर्तापाल्ने गरी खडा गरिएका आयोग समिति खारेज गर्ने र राजनीतिक पदाधिकारीले लिंदै आएका स्वकीय सचिवको सुविधा नदिने र प्रशासनिक खर्चमा कटौती गर्ने निर्णयबाट सरकारी राजस्वको दुरुपयोगलाई नियन्त्रण गर्ने प्रयासको रूपमा बुझ्न सकिन्छ। यस प्रकारका अनावश्यक र अवाञ्छित खर्चहरूलाई बेलैमा नियन्त्रण गर्न सकेमा बचत हुने राजस्वलाई शिक्षा, स्वास्थ्य र पूर्वाधार जस्ता क्षेत्रमा लगानी गर्न सकिन्छ।मुलुकको बाह्य छवि बनाउने र बिगार्नेमा कूटनीतिक नियोग र राजदूतहरूको आचरण, व्यवहार, कूटनीतिक कौशलता र वार्ता गर्ने क्षमताले निर्धारण गर्दछ भनिन्छ । यसैले राजदूत र पठाउने मुलुकको सरकारबीच आपसी विश्वास र सिर्जनात्मक संवाद सधैं नै अपेक्षित रहन्छ । जब सरकारले आफ्नो प्रतिनिधित्व गर्ने संस्था वा व्यक्तिप्रति अविश्वास प्रकट गर्दछ, इमानदार कूटनीतिज्ञले तत्कालै विना संकोच पद त्याग गर्दछन् । तर हालैको परिघटनाले सरकार विरुद्ध अदालत पठाउने र सरकारको कामलाई निरर्थक तुल्याउने प्रयास भएको पाइयो ।राजनीतिक नियुक्तिको पद कुनै प्रतिस्पर्धा वा योग्यता र क्षमताको आधारमा प्राप्त भएको थिएन। कुनै अमूक सरकारले अपारदर्शी ढङ्गबाट नियुक्ति गऱ्यो भने त्यसपछि आउने सरकारले त्यस्तो नियुक्ति प्रति विश्वास नरहेको कारण जनाई हटाउन खोजेमा मार्गप्रशस्त गर्ने काम भएमा पदप्रतिको इमानदारी देखिनेछ । यस्तोमा छद्मभेषमा मुद्दा-मामिलाको माध्यमबाट पदमा टिकिरहन प्रयास गर्दा नियुक्तिमा चलखेल भएको रहेछ भन्ने कुरामा विश्वास गर्ने बलियो आधार बन्नेछ। यसैले नवगठित अन्तरिम सरकारलाई अप्ठेरो पार्ने नभई काममा सहजता प्रदान गर्नेतर्फ सम्बन्धित सबैको ध्यान जान उपयुक्त हुनेछ ।

***-अनलाईन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अरूको भावनाको पनि सम्मान गर्नुहोस् । आर्थिक स्थिति सबल रहनेछ । | **तुला** : व्यस्तता बढ्नेछ । नयाँ योजनाहरू प्रारम्भ गर्न सकिनेछ । |
| **वृष** : स्वास्थ्यमा सुधार आउनेछ । मित्रवर्गहरूबाट सहयोग पाइनेछ । | **वृश्चिक** : व्यवसायमा लगानीको समय अनुकूल रहेको छ । धार्मिक भ्रमणका योग छ । |
| **मिथुन** : सहयोग नमिल्ला । विवादास्पद मामलाहरूबाट टाढा रहनुहोस् । | **धनु** : कार्यक्षेत्रमा दौडदुप गर्नुपर्ला । कार्यप्रति इमान्दारिता देखाउनुहोला । |
| **कर्कट** : आफन्तहरूबाट सहयोग पाइनेछ। शत्रुहरु आफै किनारा लाग्नेछन् । | **मकर** : जीवनसाथीको सहयोग पाइएला । प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ । |
| **सिंह** :वित्तीय मामलाहरूमा सावधानी अपनाउनुहोस् । चिन्ता दूर हुनेछ । | **कुम्भ** : सावधान रहनुहोला। सकारात्मक सोचको साथ अगाडि बढ्नुहोस् । |
| **कन्या** : मन उत्साहित रहनेछ । गुप्त कुरा बाहिरिनाले समस्या निम्तिनेछ । | **मिन** : शत्रुहरू परास्त हुनेछन्। प्रेम सम्बन्ध सुमधुर रहनेछ । |




कथा ● विनय कसजु

# ढड्डु मुसाको बकबक

कथा नसुनी मायालाई निँद लाग्दैनथ्यो । साँझ दूधभात खाएपछि ऊ ओछ्यानमा पल्टन्थी । अनि मैले उसलाई कथा सुनाउँथें: "राजकुमारीले भ्यागुतोलाई माया गरेर म्वाई खाई । अचानक भ्यागुताको रुप फेरियो । राजकुमारीको हातबाट भ्यागुता बिलायो । उसको अगाडि सुन्दर राजकुमार उभियो । ......."ऊ यस्तै कथा सुन्न रुचाउँथी । तर कथा टुंगिन नपाउँदै माया निदाइसक्थी । उसले पूरै कथा कहिल्यै सुन्न भ्याउन्नथी । माया निदाए पनि मैले कथा बीचैमा रोक्दिनथेँ । कोठामा मेरो कथा सुन्ने अरु पनि हुन्थे ।मायालाई कथा सुनाउन म कोठामा पस्दा मेरो पछिपछि टाटे कुकुर र पाटे बिरालो पनि आउँथे । टाटे भुइँमा बस्थ्यो । मैले कथा सुनाउँदा ऊ मतिर फर्कन्थ्यो र बडो ध्यान दिएर सुन्थ्यो । पाटे भने कहिले ओछ्यानमाथि मायासँगै बस्थ्यो भने कहिले खाटमुनि गएर मुसालाई ढुकेर बस्थ्यो । तर कथा सुनाउन थालेपछि ऊ पनि हल्ला नगरी बस्थ्यो ।एक दिन पानी परिरहेको थियो । अलिअलि जाडो थियो । मैले राजकुमार भ्यागुताको कथा सुनाउन थालेँ । तर कथा सुरु हुने बित्तिकै माया निदाइहाली । मलाई कथा सुनाउन अल्छी लाग्यो । मलाई पनि निँद लाग्यो । सपनामा पनि टाटे र पाटे दुबैले बडो ध्यान दिएर मेरो कथा सुनिरहेका थिए । मैले कथा भन्न छाडेको देखेर टाटे 'कुइँ कुइँ' करायो । पाटे पनि खाटमुनिबाट निस्केर 'म्याउँ म्याउँ' गर्न थाल्यो "हुन्छ, हुन्छ । म कथा सुनाउँछु । " मैले भनेँ । ती दुबै खुशी भए, र मतिर ध्यान दिएर हेर्न थाले । मैले सुनाउन लागेको कथा तिनीहरुकै कथा थियो:

"यो घरमा आउँदा सुरुमा टाटे र पाटे खुबै झगडा गर्थे । एक अर्कालाई देखी सहँदैनथे । एक दिन टाटेको भागमा राखेको मासु पाटेले चोरेर खाइदियो । ...."होइन यो कुरा झुटा हो । त्यो दिन मैले मासु चोरेको थिइन । मेरो भागमा पनि मासु थिएन । दुबैको भागको मासु ढयु मुसाले खाएको थियो । वाक्कैमा ममाथि शंका गरेर टाटेले मलाई झम्टेको हो । यस्तो झुठो आरोप लाग्यो भने टाटेलाई पनि रिस उठ्छ । उठ्दैन त टाटे ? "अचानक पाटेले आफू निर्दोष भएको कुरा सुनायो ।"मलाई त तिमीमाथि नै शंका लागेको थियो । अहिलेसम्म पनि त्यो शंका मेटिएको छैन बुझ्यौ ।" टाटे कुकुरले पाटेको कुरा पूरै पत्याएको थिएन । "त्यसो भए त्यो ढयु मुसालाई सोध । सबै कुरा थाहा भइहाल्छ ।" पाटे बिरालोले भन्यो । उसको कुरा टुँगिन नपाउँदै दुलोबाट ढयु मुसा फुत्रुक्क बाहिर निस्क्यो । ऊ बिरालोसँग सतर्क हुँदै टेबुलमाथि पुग्यो र भन्न थाल्यो, "हो, हो । त्यो दिन तिमीहरुको भागको मासु सुटुक्क खाइदिएर तिमीहरुलाई लडाएको मैले नै हो ।" यति भन्दै ऊ मज्जाले हाँस्यो ।"कस्तो बदमास रहेछ यो । आफूले मासु खाएर हामीलाई लडाउने ?" कुकुरले ठूलाठूला आँखाले ढयुतिर हेर्दै भन्यो । "त्यो दिन झण्डै हामी दुबैलाई घरपेटीले घरबाट निकालेको । रातभरि बाहिर बस्नुपर्यो । किन यस्तो बदामासी गरेको ? "मुसा फेरि जोडले हाँस्यो । उसले कम्मरमा हात राख्दै भन्यो, "तिमीहरुलाई घरपेटीले यो घरबाट निकालेको भए त मलाई हाइसँचै हुन्थ्यो नि ।"मुसाको कुरा सुनेर मलाई रिस उठ्यो । "मेरो घरमा बसेर मेरै साथीहरुलाई तैँले धम्की दिने ? पख तँलाई ।" मैले भनेँ ।मेरो कुरा सुनेर ढयु मुसा फेरि हाँस्यो । उसले भन्यो, "यो घर तिम्रो हो भन्ने भ्रममा रहेछौ तिमी । तिमी यो घरमा आएको कति वर्ष भयो भन त ? हामी त यहाँ पुस्तौँ पुस्तादेखि बस्दै आएका छौँ । वास्तवमा यो घरको मालिक हामी पो हौँ । तिमी त किराया तिरेर बसेका हौ ।"उसको कुरा सुनेर कसलाई रिस नउठला ? मैले भनेँ, "मेरै भान्छाको खानेकुरा, माछामासु चोरर मोटाएका छौ अझै मलाई नै आँखा तर्छौ ? धेरै फुर्ती लायौ भने तिम्रो पूरै वंशलाई धपाइ दिन्छु ।" "भो भो धेरै धक्कु नलाऊ । सक्ने भए गरिसक्थ्यौ । बिरालो र कुकुरको मदत लिनु पर्दैनथ्यो ।" यति भनेर ढयु मुसा टेबुलबाट बुरुक्क उफ्रेर दुलोभित्र पस्यो । पाटेले झम्टन खोज्यो तर भेट्टाउन सकेन । 'ङ्यार्रर्र' गरेर रिस पोख्यो ।कोठाभित्र धेरै हल्ला भएकोले मायाको निद्रा खुल्यो । उसले आँखा मिच्दै आफ्नो वरिपरि हेरी । मलाई कुर्सीमा बसेको देखेर उसले सोधी, "अनि त्यो राजकुमारीले भ्यागुतोलाई के गरी ? पूरै कथा सुनाउनुस् न ।""जहिले पनि त्यही भ्यागुतो राजकुमारको कथा कति सुन्ने ? नयाँ कथा छैन ?" दुलोभित्रबाट आवाज उही ढयु मुसाको आवाज आयो ।

ढयु मुसाको कुरा सुनेर माया छक्क परी । उसले भनी, "कस्तो बाठो मुसा रहेछ । दुलोभित्र बसेर कथा सुन्दो रहेछ ।"

"मेरो छिमेकमा बस्ने मुसाहरुले टेलिभिजन हेर्छन् । यहाँ त कथा सुनेर चित्त बुझाउनु पर्छ । तर ठिकैछ । तिम्रा बालाई धेरै कथा भन्न आउने हेछ । कथाले टेलिभिजनको धित मार्छ भने किन टेलिभिजन नै हेर्नु पर्यो र ? होइन त माया ? "ढयु मुसाको चिप्लो कुरा सुनेर माया हाँसी । मेरो पनि रिस मर्यो । "तिमीलाई कस्तो कथा मनपर्छ ?" मायाले ढयु मुसासँग सोधी ।

"मलाई त मेरै कथा मन पर्छ नि । एउटा मुसाले कसरी जंगलको राजा सिंहलाई जोगायो भन्ने कथा तिमीले सुनेकी छौ ? अहिलेसम्म हामीले बिरालोको घाँटीमा घण्टी झुण्ड्याउन सकेका थिएनौँ । तर तिम्रो बुबाले त एक दिन मुसाहरु मिलेर कसरी बिरालोको घाँटीमा घण्टी बाँध्न सफल भयो भन्ने कथाहरु पनि सुनाउनु भयो । साँच्चै तिम्रो बुबाले मुसा राजा भएको अनि मुसाको छोरा युवराज भएको कथा सुनाउनु हुन्न ? "ढयु मुसाको बठ्याइँ बल्ल मैले बुझेँ । मैले भनेँ, 'अब तिमी राजा भएको, तिम्रो छोरा युवराज भएको सपना नदेख । त्यो जमाना गयो । अब सबै जना मिलेर बस्न'पर्छ बुझ्यौ ?""त्यसो भए मुसाले गल्ती गरेको र बिरालोले मुसालाई सजाय दिएको कथा पनि लेख्न छाड ।" डढ्डु मुसाले भन्यो ।उसको कुरा सुनेर मलाई रिस उठ्यो, "कस्तो कथा लेख्ने कस्तो नलेख्ने भनेर तिमीले मलाई सिकाउने ? म त स्वाभिमानी लेखक हुँ । मनमा लागेको कथा लेख्छु । तिमीले अह्राएको कुरा लेख्छु र ?""ठिकै छ । तिमीले बाघ, भालु, चितुवाको कथा लेख्छौ भने हामीलाई पनि सुन्न कर छैन । जसको कथा हो उसैलाई सुनाऊ ।" भन्दै ढयु मुसा दुलोभित्र हरायो ।हाम्रो कुरा मायाले मात्रै होइन टाटे र पाटेले पनि ध्यान दिएर सुनिरहेका थिए । मुसा हराएपछि मायाले भनी, "मुसाको कुरा ठिकै त हो नि बुवा । टाटेलाई कुकुरको कथा मन पर्छ, पाटेलाई बिरालोको कथा मनपर्छ । होइन त पाटे ?""त्यो त हो । तर मलाई मुसाले बिरालोलाई जितेको कथा पटक्कै मन पर्दैन ।" पाटेले भन्यो ।

उसको कुरा टुंगिन नपाउँदै टाटेले थप्यो, "हो । मलाई पनि अरु पशुपंछीले कुकुरलाई हेपेको, कुकुरलाई मुर्ख बनाएको कथा मनै पर्दैन ।"तिनीहरुको कुराले मलाई गम्भीर बनायो । मैले भने, "हेर, सबै जना आफू बाठो र बहादुर भएको कथा सुन्न चाहन्छन् । अहिलेसम्म लेखिएका कथाहरुमा यस्तै छ । एउटा पक्षले अर्को पक्षलाई जितेको, मारेको, दास बनाएका कथाहरु धरै छन् । कुराकानी र मेलमिलाप गरेर लडाइँ झगडाको समाधान गरेको कथा लेख्न बाकी नै छ ।""भो, भो । धेरै अर्ति उपदेश दिनु पर्दैन । लडाइँ, झगडा, ढिस्युँढिस्युँ भएन भने कसले सुन्छ तिम्रो कथा?" दुलोबाट निस्केर ढयु मुसाले फेरि बकबक गर्न थाल्यो । उसलाई देख्ने बित्तिकै पाटे बिरालोको कन्सिरी तातिहाल्यो । रिसले उसले आँखा देखेन । झ्वाम्म झम्टिहाल्यो । बिजुली चम्केझैँ ढयु मुसा दुलोभित्र लुकिहाल्यो । बिचरा पाटे भित्तामा नराम्ररी ठोक्कियो । उसको मुखमा घाउ भयो ।

"हाऊ.. हाऊ ।" पाटेको समर्थनमा टाटे जोडले भुक्न थाल्यो । माया रमाइलो मानेर हाँसिरही ।

*-बालसंसार डटकम*

निबन्ध ● प्रमाण अधिकारी

# भोटे चिया

चियाको तलतल नभएको नेपाली समाजमा सायदै कोही होला । अल्छी लागे, दिक्क लागे, थकाइ लागे, चिसो लागे, भोक लागे, झर्को लागे चिया खाने कुरा यी सबै कुराको समाधानका रूपमा दिमागमा झुल्किहाल्छ । साथीभाइ भेट्दा, छुट्ने बेला, कसैलाई भेट्न पर्दा, दिमागमा केही फुराउन पर्दा पनि चिया बसिबियाँलो र उत्प्रेरकको भूमिकामा आइहाल्छ । अझ खलखली पसिना आएको भएपनि हिरालाई हिराले अनि फलामलाई फलामले नै काट्छ भन्दै उष्णकालमा पनि चिया सुर्क्याउने हाम्रो विशेषता नै छ । चियामा पनि पहिलो रोजाइमा त दुध चिया नै आउँछ । त्यसमा पनि शीतकाल भए अलिअलि अदुवा र थोरै मरिच मिसाएको चिया खान पाउँदा झन् स्वाद बढ्छ । मधुमेह भएका, हुन खोजेका वा होलाकी भनेर बेलैमा सचेत हुन थालेका मान्छे चिनीविनाको चिया खान्छन् । अनिमात्र आउँछ कालो चिया, कागती मिसाएको चिया । दुध चियाका पारखीलाई त लाग्छ, 'कालो चिया पनि कोही खान्छ', 'बरु चिया नै नखाने यदि कालो चियाबाहेक अर्को विकल्प छैन भने' । अर्को स्वस्थ भनिएको विकल्प यहाँ छुटाउनै भएन, हरियो चिया । यसलाई अग्रेंजीमा ग्रीन टी भन्छन् र अझ विशिष्टीकृत शब्द भन्नपर्दा अर्थोडक्स चिया । सुरुमा उल्लेख गरेको चलनचल्तिको चिया त सीटीसी चिया भइहाल्यो । स्वास्थ्यप्रति सचेत रहने र कपिपयले वजन घटाउने ध्येय पूरा हुने आशाका साथ ग्रीन टी खाने गर्छन् । इन्टरनेट र सामाजिक सञ्जालका कारण कुन चिया स्वास्थ्यवर्धक र कुन हानिकारक भन्ने कुरामा बहस पनि निकै चल्छ । सुकेको हरियो पत्ती खाने कतिपय पारखीहरू दुध चिया खराब हुन्छ भन्छन् । अझ विषाक्त नै हुन्छ भन्छन् । दुध चियामा अदुवा मिसायो भने त झनै खतरा पनि भनिदिन्छन् । शरीरका नशा नशामा रगतसँगै दुध चिया पनि बग्नेहरूलाई यो कुराले छुँदैन । ती सच्चा कुरा हुन् कि मिथ्या कुरा हुन् तिनका अनुसन्धानका आधारसहित स्वस्थ चिया सेवनकर्ता बोलिदिए हुने । अस्वस्थ बानी त्यो चाहिँ पक्कै हो जो चियापानसँगै धुम्रपान गर्छ । चियाविना खाएपनि त्यो हानिकारक नै हो । त्याग्नै पर्ने कुरा हो । यसमा दुईमत छैन ।चिया हाम्रो जीवनको एउटा अभिन्न अङ्ग बनेका कारण बच्चादेखि वृद्धसम्म चिया सुरुप्प पार्न हुरुक्कै हुन्छन् । बच्चाले चिया खान हुँदैन भन्ने कुरामा वैज्ञानिक तथ्य र अध्ययन पनि छन् । तसर्थ बच्चालाई चिया खान जोड नगर्दा राम्रो हुन्छ । म बच्चैदेखि चिया खान हुरुक्क हुँदै हुर्केको मान्छे । त्यो बेला आकर्षणको मुख्य कारण गुलियो तत्व नै थियो होला । चिया खानमात्र होइन, चिया बनाउन पनि हुरुक्कै हुने मलाई चिया पकाएको एउटा घटनाको सम्झनाले बेलाबेला जुरुक्कै उचाल्छ र म त्यही दिन सम्झिन थाल्छु । भोटे चिया भनेपछि पक्कै यसले भोटतिरको चियाको प्रसङ्ग ल्याउन लाग्यो होला भन्ने लाग्ला । साँच्चै भनौँ भने मैले अहिलेसम्म एकपटक मात्र भोटको चिया खाएको छु, म्याग्दी जिल्लातिर । भोटे चियाको स्वाद त हाम्रा हिमाली भेगतिर बस्ने दाइदिदीहरू जिब्रा मै झुण्ड्याएर हिँड्दा हुन्ह तर मैले भोटे चिया बनाउन जानेको छैन । फेरि यस्ताले केको भोटे चियाको गफ हाँक्नु भनेर प्रश्न उठाउन पनि सकिन्छह तर मैले बनाएको चियालाई अरूले भोटे चिया भनिदिएपछि मेरो के लाग्छ । त्यसैले आफूले पहिलोचोटि पकाएको चियाको नामै भोटे चिया राख्न मनलाग्यो । मेरो त्यो पहिलो भोटे चिया पकाइको रहस्यको पोको पनि खोली हालौँ है त । केटाकेटी मान्छे भएपनि चिया भनेपछि हुरुक्कै गर्ने मेरो बानीबारे माथि नै चर्चा गरिसकेँ । चिया पकाउने रहर भने मलाई नलाग्ने गरेको होइन । केटाकेटी मान्छे भनेर घरका पाका सदस्यले मलाई पत्याउने कुरा भएन । सबै मिठो चिया खाने बानी परेका मान्छे भएपछि त मैले यो रहर मनमा पालेर बसिराख्ने बाहेक अर्को विकल्प हुने भएन । कहिले मौका पाइएला र सबैलाई मिठो चिया बनाएर दङ्ग पारुँला भनेर मनमा कल्पेर बस्नु नै मेरो बाध्यता बनेको थियो । मैले अरूलाई चिया पकाएर खुवाउने र दङ्ग पार्ने इच्छा मनमा राखेर दिन बिताउँदै गएँ । हिउँदका समयमा सबै मानिसलाई घाम प्यारो हुन्छ । घाम लागेको ठाउँमा मानिसहरू जम्मा भएर बस्छन् । गफिन्छन् । यसैक्रममा एकदिन मेरी आमा र छरछिमेकका केही महिला घरका छतमा बसेर घाम ताप्दै कुराकानी गर्दै हुनुहुन्थ्यो । हाम्रो घर र छिमेकको घर जोडिएकाले घरको छत पनि फराकिलो थियो । चियाका पारखी पाठकहरूलाई त झन् थाहा होला जाडामा चिया नखाई काम गर्ने जाँगर नै चल्दैन । अझ घाम ताप्दै चिया खाँदाको आनन्द नै छुट्टै हुन्छ । घाम तापेका बेला आमा र उहाँका साथीहरूलाई पनि चिया खान मन लागेछ । म त्यो बेला केटाकेटी मानिस । उहाँहरूकै वरपर खेल्दै, ऊफ्रदै थिएँ । झट्ट आमाबाट मलाई बोलाहट भयो र भन्नुभयो 'जा त कान्छा' हामी सबैलाई चिया बनाएर ले" । मलाई पनि कहिले यो मौका आउला भन्ने प्रतिक्षा थियो । बालरहर न हो म पनि मख्ख पर्दै "हुन्छ" भनेर छतमा भएका सबैको संख्या गनेर भान्छातिर झरेँ चिया पकाउन । त्यो चिया पकाउने काम मेरा लागि पहिलो थियो । पहिलो अनुभव सँगाल्न लागेकाले मलाई केही नौलो अनुभूति भइरहेको थियो । भान्छाकोठामा आउने बित्तिकै गनेका मान्छेभन्दा एक गिलास कम पानी ताउकेमा खन्याएपछि चिनी, चियापत्ती, थोरै नुन अनि एक गिलास दूध हालेँ । त्यसबेला दुध धेरै शुद्ध हुने भएर पनि होला थोरै अनुपातमा दुध राख्दा पनि चिया गोरुमुते हुँदैनथ्यो । पानी, चिनी, चियापत्ती र दुध त राखियो, अब चिया मिठो पो कसरी बनाउने हो भन्ने पीर पर्न थाल्यो । केही नबुझ्ने अथवा कुन कुरो ठीक र कुन कुरो बेठीक भनेर छुट्याउने बुद्धिको विकास कट्मेरो भएको बेला भएपछि मेरो के लाग्थ्यो र । आमाले दाल तरकारी पकाउँदा प्रयोग गर्ने मरमसलातिर मेरो ध्यान जान्थ्यो । लसुन, अदुवा पिनेको मैले देख्ने गरेको थिएँ । खाना खाँदा मिठो लागेपछि तिनै मरमसलाले गर्दा मिठो भएको होला भनेर पकाउने क्रममा प्रयोग गरेका चिजबिजको याद हुन्थ्यो । अनि सिलौटामा अदुवा, लसुन बेस्सरी पिनेर चियामा राखिदिएँ ।मन यता फुरुङ्ग छ चिया त साह्रै मीठो हुने भो भनेर । कतिखेर चिया माथि पुर्याऊँ र चियाको वाहवाही सुन्दै चियाको चुस्की मारौं । चिया एकछिन उम्लेपछि तयार भयो । हतार हतार थालमा सबै गिलास राखी थालेँ चिया भाग लगाउन । अनि उक्लेँ सिँढी एकै सासमा । छतमा पुगेर सबैलाई चिया बाडेँ । चिया सबैलाई बाँडेर त सकियो, कतिखेर सबैले चिया सुरुप्प पार्लान् भन्ने व्यग्र प्रतीक्षा गरेँ । जब केहीले चिया सुरुप्प पारे मुख पनि कुरूपै हुने गरी बिगारे । मुखको एक सुर्पि चियाले पनि बाहिर नफर्की सुखै पाएन । मलाई साह्रै खिन्नता बोध भयो । जसरी भएपनि चिया मीठो बनाउने मेरो आशा पहिलो पटक नै असफल भयो । भनिन्छ, एउटा कम्पनीले आफ्ना उत्पादन अरूको भन्दा भिन्न बनाउन केही त्यस्ता तत्वको प्रयोग गरेको हुन्छ जो सार्वजनिक गरिँदैन । भित्रै राखिन्छ, बाहिर ल्याइन्न, ल्याए त फेरि आफ्नो उत्पादन र त्यस्तै स्वादकै अर्को उत्पादन आइदिए के गर्ने नि फेरि । यी कुरा अझ पेय पदार्थका सन्दर्भमा हामीले थाहा पाउँदै आएका हौँ । म पनि गम्केर पेय पदार्थ चियाको लोकप्रियताको कल्पनामा डुबेर यस्तै यस्तै सोच्दै थिएँ त्यो बेलाह तर के गर्नु चियाको स्वादले मुख बिग्रिसक्यो, गिलासको चिया गिलासमै सेलायो अनि त "के के हालिस् चियामा?" भनेर सोधेपछि मलाई नभनेर सुख ? मैले सप्पै कुरा भनेँ । त्यसपछि त हाँसोको फोहरा नै छुट्यो । मिठो बनाउँछु भनेर लसुनसमेत हालिदिँदा यस्तो चिया बनेछ । मानिस सधैँ एकै किसिमको स्वादमा अभ्यस्त भएका हुन्छन् । हाम्रा हिमाली भेगमा बस्ने दाइदिदीहरूले खाएको भए त्यही चिया केही फरक नलाग्दो होह तर फेरि तिनीहरूले त्यही स्वाद नपाए केके नपुगेको महसुस गर्दा हुन् । यहाँ पनि त्यस्तै भयो सधैँ लसुन नहाली चिया खाएका मानिसलाई । संसारमा कोही असल चरित्रका र कोही खराब चरित्रका हुन्छन् । कोही आफ्ना राम्रा कामले चर्चित हुन्छन् त कोही उसका अति खराब कर्मले । त्यसैले नाम पनि यी दुवैथरि मान्छेको नै चल्छ जो यी क्षेत्रमा अतिरिक्त क्षमतामा देखापर्छन् । फ्लोरेन्स नाइटिङ्गल, मदर टेरेजाजस्ता पात्रलाई हामी सत्पात्रका रूपमा स्मरण गर्छौं भने रत्नाकर डाँका, एडोल्फ हिटलर आदिलाई असत् पात्रका रूपमा । कोही राम्रा कामले त कोही नराम्रा कामले हाम्रा स्मरणमा रहेका हुन् । त्यस किसिमको विशेष उल्लेख्य प्रवृत्ति नभएपनि गणेश बनाउन लागेका मान्छेले बानर बनायो भन्ने भनाइजस्तै मैले पनि त्यत्रो विधि गरेर चिया मिठो बनाउँछु भन्दा उल्टै नमिठो चिया बनाउन पुगेछु । लसुन हालेको चिया नखाएका सबैले मलाई त्यही चियाका नामबाट बोलाउन थाले । मेरो त्यो दिनको सीप आमालगायतका छिमेकी महिलाहरूलाई स्मरणीय बन्यो । आफ्नो पहिलो चिया सबैलाई स्मरणीय बनाउने मेरो ध्येय विपरीत कोणबाट पूरा पनि भयो । नाम चलाउनका निमित्त गधा चढेर, घैँटो फोरेर, कपडा च्यातेर वा जसरी पनि नाम चलाउनपर्छ भन्ने एउटा संस्कृत भाषाको उक्तिले भनेजस्तै मैले पनि लसुन हालेको चिया पकाएर नाम चलाएँ । त्यसप्रकारको चिया मैले नपकाइञ्जेलसम्म त्यस्तो चिया नखाएका कारण सबैलाई त्यो चिया स्मरणीय हुन गयो । म केही हदसम्म सफल भएँ । व्यावहारिक जीवनमा प्रवेश नगर्दा कतिपय कुराहरू राम्रो गर्छु भन्दा नराम्रा पनि हुनसक्छ तर जीवनले सिकाउँदै जाँदा सिकिँदै गइन्छ र व्यावहारिक जीवनमा सफल होइन्छ भन्ने कुरामा मैले विश्वास गरेको छु । विगतका गल्तीहरूलाई सच्याउँदै अघि बढ्नुपर्छ भन्ने शिक्षा मैले यस किसिमका कतिपय कामहरूबाट पाएको छु । मलाई शंकर लामिछानेको "जीवन: एक प्राध्यापक" भन्ने निबन्धले पनि यही शिक्षा दिएको छ ।*-समकालीन साहित्य*

# दुर्गा प्रसाईं समूहले भन्यो 'हाम्रो आन्दोलन शान्तिपूर्ण हुन्छ'



**पाल्पा,** कार्तिक २६/ नागरिक बचाउ अभियानका संयोजक एवं व्यवसायी दुर्गा प्रसाईंको समूहले मंसिर ७ गते हुने आन्दोलन शान्तिपूर्ण हुने बताएको छ । बुधबार सरकारसँग २६ बुँदे माग राख्दै उक्त समूहले आन्दोलनमा हुने गतिविधिहरु शान्तपूर्ण हुने बताएको हो ।

समूहले आफ्ना सबै गतिविधि अहिंसात्मक हुने सरकारसँग प्रतिबद्धता समेत जनाएको छ । गृहमन्त्री ओमप्रकाश अर्यालसँग भएको कुराकानी गरेपछि प्रसाईंका प्रतिनिधिहरुले आ्ना २६ बुँदे माग राख्दै गतिविधि अहिंसात्मक हुने बताएका हुन् ।प्रसाई समूहले नेपालको संविधान खारेज गरी हिन्दू अधिराज्यसहितको राजसंस्था स्थापना गर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था गर्ने, लघुवित्त र सहकारीको २० लाख रुपैयाँ भन्दा कमको ऋण मिनाहा गर्नुपर्ने, देशमा नै रोजगारी सिर्जना गर्नुपर्ने, विदेशबाट फिर्ता भएका युवाहरुलाई ३ प्रतिशत सहुलियत ब्याजमा ३० लाख रुपैयाँसम्मको बिना धितो प्रोजेक्ट ऋण उपलब्ध गराउनुपर्ने, कृषि ऋण २ प्रतिशत व्याजमा उपलब्ध गराउनुपर्ने, बैंकको कालोसूचीमा रहेका ६ लाख नेपालीको नाम हटाउनुपर्ने, प्लस टु भन्दा माथिको उच्च शिक्षाको लागि विदेश जान बन्द गरी नेपालमा नै पढाउने व्यवस्था गर्नुपर्ने, निजामती, कर्मचारी, शिक्षक, सेना प्रहरीको मासिक तलब एक लाख रुपैयाँ पुऱ्याउनुपर्ने, नेपालमा एनजीओ, आईएनजीओ खारेज गर्ने लगायतका माग राखेको छ । गृहमन्त्री ओम प्रकाश अर्यालले सरकारले आफ्नाहरुका मागलाई विशेष ध्यान दिएर अगाडि बढ्ने आवश्वासन दिएका छन् । प्रसाईंका तर्फबाट प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति बचाउ अभियानका प्रेम थापा मगर, प्रमदीप लिम्बु, देवी प्रसाद संग्रौला, माधवप्रसाद खतिवडा, तेजेन्द्र रायमाझी र मकबुल शाह सहभागी थिए । सरकारसँगको वार्तामा विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं भने सहभागी भएनन् ।

छलफलपछि अभियानबाट मन्त्रालय पुगेकाहरुले सरकारले पहिलो पटक आफूहरुको कुरा सुन्न खोजेको भन्दै खुशी व्यक्त गरेका छन् । प्रसाईं समूहले मंसिर ७ गतेबाट देशभर आन्दोलन गर्ने घोषणा गरेको छ । आन्दोलन अगाडि नै आफूहरुको माग सरकारले पूरा गरेमा भने आन्दोलन नगर्ने जनाएको छ ।

## खेलकुद समाचार

### एनपीएलमा लुम्बिनीको बिर्सनलायक प्रदर्शन



**काठमाडौं,** कार्तिक २६/ नेपाली राष्ट्रिय टिमका कप्तान रोहित कुमार पौडेल मार्की तथा कप्तान रहेको लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो सिजनमा बिर्सनलायक प्रदर्शन गरेको थियो ।

रोहितसहित नाम चलेका स्वदेशी र विदेशी खेलाडी समेत भित्र्याएको लुम्बिनीले सोचेभन्दा फरक प्रदर्शन गऱ्यो । अपेक्षा अनुसारको प्रदर्शन गर्न नसक्दा लुम्बिनी ८ टोली मध्ये अन्तिम स्थानमा रहेको थियो । लुम्बिनीले ७ मध्ये जम्मा एक खेल मात्र जितेको थियो । लुम्बिनीले चितवन राइनोजलाई मात्र पराजित गरेको थियो । अब यही मंसिर १ गतेदेखि सुरु हुने एनपीएलको दोस्रो संस्करणमा भने रोहितको कप्तानीमा रहेको टोली लुम्बिनी लायन्स पहिलो सिजनको प्रदर्शन र नतिजालाई बिर्साउने लक्ष्यमा छ । त्यसका लागि मैदानमा उत्कृष्ट प्रदर्शन गर्दै राम्रो नतिजा ल्याउने गरी लुम्बिनी लायन्स टोली यतिबेला तीव्र तयारीमा छ । दोस्रो सिजनका लागि लुम्बिनीले टिमको लोगो, कलरदेखि मुख्य प्रशिक्षकसम्म धेरै कुरा परिवर्तन गरेको छ ।

यस्तै विदेशी खेलाडीहरूमा पनि लुम्बिनीले धेरै परिवर्तन गरेको छ । अब मैदानमा पनि लुम्बिनी नतिजा परिवर्तन गर्न चाहन्छ । लुम्बिनीले कप्तान रोहितसहित सन्दिप जोरा, विवेक यादव, दिनेश अधिकारी, अभिषेश गौतम र तिलक राज भण्डारीलाई रिटेन गरेको थियो । तर घाइते भएका विवेकको स्थानमा लुम्बिनीले सुमित महर्जनलाई टिममा राखेको छ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक घट्यो



**काठमाडौं,** कार्तिक २६/ नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट आएको छ । बुधबार २० दशमलव ५६ अंकले नेप्से घटेको हो ।

अघिल्ला तीन कारोबार दिन लगातार घटेको नेप्सेमा मंगलबार ३ दशमलव २१ अंकले बढेर २ हजार ५ सय ६५ दशमलव १६ विन्दुमा बन्द भएको थियो । तर त्यो वृद्धि बुधबारसम्म पनि टिकेन । सो दिन कारोबारमा आएकामध्ये ४९ कम्पनीको सेयर मूल्य बढ्यो, १५८ कम्पनीको मूल्य घट्यो भने ७ कम्पनीको मूल्य स्थिर रह्यो । यसरी सेयर मूल्य बढ्ने भन्दा घट्ने कम्पनी बढी भएपछि समग्र नेप्सेमा दोहोरो अंकले गिरावट भएको हो । बुधबार कुल ६६ हजार ८ सय २४ पटकको सेयर कारोबारमा ८४ लाख ४ हजार ६ सय १६ कित्ता सेयर किनबेच भएरु। ती किनबेचमा ३ अर्ब ८४ करोड ८५ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम थोरैले बढेको हो । मंगलबार ३ अर्ब ६२ करोड ६१ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये उत्पादन तथा प्रशोधन बाहेक सबैको परिसूचक घटेपछि समग्र नेप्से दोहोरो अंकले ओरालो लागेको हो । कारोबारमा उत्पादन तथा प्रशोधन समूहबाहेक अरु सबै समूहको उपसूचक घटेका छन् ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्टको रु ४० करोड ३४ लाख तीन हजार ५ सय ४२ दशमलव ६० बराबरको र शेयर संख्याका आधारमा सबैभन्दा बढी राधी विद्युत् कम्पनीको दुई लाख ९४ हजार ७ सय ९६ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## हिउँदभरि सुनसान...

...बुकीपाटन पुग्ने पर्यटकले हरियाली उच्च पहाड, पाटन, खर्क, दर्जनौं हिमशृङ्खलाको दृश्यावलोकन गर्न सक्ने हुँदा वर्खाको समयमा बढी पर्यटक बुकीपाटन उक्लिने थापा बताउन्छन् ।

गोठाला वस्तुभाउ लिएर असोजमै बेसी झरेको उनको भनाइ छ । उनले भने, "दुई वर्षदेखि त बुकीपाटनमा पर्यटकको आगमन व्यापक हुँदै गएको छ, पहिले गोठाला मात्रै बस्ने ठाउँमा अहिले टाढाटाढाबाट पर्यटक आउन थालेका छन् ।" नेपालको एक मात्र शिकार आरक्ष क्षेत्रमा पर्ने बुकीपाटन बागलुङसहित रोल्पा, रुकुम, म्याग्दी र डोल्पाका पशुपालक किसानले वर्खाको समय चरन क्षेत्रका रुपमा प्रयोग गर्दै आएका छन् । ढोरपाटन नगरपालिका-८ का तुलबहादुर सुनारले आफू सबैभन्दा अन्तिममा बेसी झरेको सुनाए ।
धेरै गोठालाहरुले भदौ अन्तिम सातादेखि नै गोठ झार्न सुरु गरेको भन्दै आफू असोज दोस्रो सातामा त्रै झरेको उनको भनाइ छ । आफूले गोठ झार्ने बेला नै बुकीपाटन सुनसान भएको भन्दै अहिले चिसोका कारण कोही पनि पुग्न नसक्ने सुनार बताउन्छन् ।"यतिबेला त बुकीपाटनमा पानी जम्छ, धेरै चिसो हुन्छ, त्यहाँ गएर बस्न सकिदैन, गोठाला झरेपछि त्यो ठाउँ सुनसान भयो, अहिले कोही पनि छैनन् बुकीमा, बर्खामा पहिले-पहिले गोठाला मात्रै हुन्थ्यौं, अहिले त देश विदेशबाट घुम्न आउनेको भीड लाग्छ", सुनारले भने, "अब गोठाला जेठ असार महिनामा मात्रै बुकी उक्लिन्छन्, त्यस बेलासम्म त्यो ठाउँ सुनसान हुन्छ ।" चिसो बढेपछि ढोरपाटन उपत्यकामा पनि पर्यटकको आगमन कम भएको छ । अब हिउँ परेपछि हिउँखेल्न आउनेको संख्या बढी हुने स्थानीय पवन घर्तीमगरले बताए । ढोरपाटनमा चिसो बढ्दै गएपछि स्थानीय पनि बोबाङ, अधिकारीचौर लगायतका ठाउँमा झर्ने उनको भनाइ छ । पहिले अधिकांश ढोरपाटन उपत्यकावासी घुम्ती बसाइँ गर्थे । हिउँदमा बेसी र वर्खामा ढोरपाटनमा बस्ने गर्थे । तर अहिले ढोरपाटनमै बस्नेको संख्या बढेको छ । सडकले जोडिएपछि विस्तारै विकासले गति लिँदा धेरै स्थानीयको रोजाइमा ढोरपाटन परेको घर्तीमगर बताउन्छन् ।*-रासस*

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई